**श्री सर्वोच्च अदालतमा पेश गरेको**
**निबेदन-पत्र**

**बिषय : अन्तरिम आदेश सहित उत्प्रेषणयुक्त परमादेश जारी गरि पाउँ ।**

जिल्ला चितवन साविक मंगलपुर गा.वि.स. वडा नं. ४ को परिवर्तित भरतपुर महानगरपालिका वडा नं. १६ भई हाल विदेश स्थित भिल्ला ७८ अलवाब दोहा ९१७८२ स्थित बस्ने बिधु उपाध्याय शर्माको नाति, नरिश्वर शर्माको छोरा, गैर आवासीय नेपाली संघको अन्तराष्ट्रिय समन्वय परिषदको लागी ११ औं महाधिवेशनबाट(२०२३ -२०२५) कार्यकालका लागि निर्वाचित अध्यक्ष बर्ष ४३ को राजेन्द्र कुमार शर्मा(आर.के.)........................................................१

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं ४ बालुवाटारमा कार्यालय रहेको गैर आवासीय नेपाली संघको अन्तराष्ट्रिय समन्वय परिषदको लागी ११ औं महाधिवेशनबाट(२०२३-२०२५) कार्यकालका लागि निर्वाचित उपाध्यक्ष तनँहु जिल्ला सतिश्वारा गा.वि.स. वडा नं. ९ को परिवर्तित ऐ. को व्यास न.पा. वडा नं. ९ घर भै हाल का.जि.का.म.न.पा. वडा नं १६ बस्ने बालचन्द्र पौडेलको छोरा बर्ष ४९ को डा. केशव पौडेल........................................................२

धादिङ्ग जिल्ला साविक खाल्टे गा.वि.स. वडा नं. ५ को परिवर्तित ऐ. जिल्ला निलकण्ठ न.पा. वडा नं. ५ भई का.जि.का.म.न.पा. वडा नं. १५ बनस्थली स्थायी बसोबास भई हाल विदेश स्थित AL Souk Al Kabeer, esag building flat 10, bur Dubai स्थित बस्ने गैर आवासीय नेपाली संघका कोषाधक्ष्य बर्ष ४४ को ठाकुर प्रसाद ढुंगाना ........................................................३

**रिट निवेदक**

जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गैडाकोट न.पा. वडा नं. ५ भई का.जि.का.म.न.पा. वडा नं. ११ घर भई Spain: Cerrer dels Nou Pins 113 08016 Barcelona बस्ने चन्द्र दत्त सापकोटाको नाति, हरिलाल सापकोटाको छोरा, गैर आवासीय नेपाली संघको कार्यसमितिका युरोप संयोजक बर्ष ४६ को चिन्तामणी सापकोटा समेत जना ४ को वारिस डडेल्धुरा जिल्ला नवदूर्गा गाउँपालिका वडा नं. ३ भई हाल जिल्ला काठमाडौं किर्तिपुर न.पा. वडा नं. ३ बस्ने बर्ष ३६ को अधिवक्ता यज्ञराज उप्रेती (प्र.प.नं.१९६७७).......................१

## बिरुद्ध

श्री नेपाल सरकार परराष्ट्र मन्त्रालय सिहदरबार काठमाण्डौ ...................... १
काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ४ बालुवाटारमा कार्यालय रहेको गैर आवासीय नेपाली संघको कार्यालय ...................................................२
गैर आवासीय नेपाली संघका पुर्व अध्यक्ष तथा संरक्षक शेष घले...................३
गैर आवासीय नेपाली संघको पूर्व अध्यक्ष (अवैधानिक रुपमा आफुलाई स्वघोषित अध्यक्षका रुपमा प्रस्तुत गर्दै आएका) डा. बद्री के.सी. (मो.नं. ९८५११५०६१२).........................................................................४
ऐ.ऐ. स्थित ऐ.ऐ. संघको पूर्व सह-कोषाध्यक्ष (अवैधानिक रुपमा आफुलाई स्वघोषित वर्तमान सह-कोषाध्यक्ष) कृष्ण प्रसाद तिमिल्सिना........................५

**विपक्षी/ प्रत्यर्थी**

## मुद्दा : उत्प्रेषणयुक्त परमादेश ।

हामी निबेदक नियम बमोजिम लाग्ने दस्तुर यसै साथ संलग्न राखि नेपालको संविधानको धारा १४, १७ को उपधारा २ (क) (घ) (च), धारा १८ द्वारा प्रदत्त मौलिक हकको प्रचलनमा बाधा पुग्न गएकोले र गैर आवासीय नेपाली सम्वन्धी नियमावली, २०६६ को नियम १६ द्धारा निरोपित दायित्व प्रत्यर्थी मध्येका परराष्ट्र मन्त्रालयले पुरा नगरेकाले संविधानको धारा ४६, र १३३ को उपधारा २ र ३ बमोजिम तथा सर्बोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम निम्न लिखित निबेदन गर्दछौ ।

१. हामी निवेदकहरु गैर आवासीय नेपाली सम्बन्धि ऐन, २०६४ ( यसपछि ऐन मात्र भनिएको) को दफा १६ अनुसार स्थापित भएको गैर आवासीय नेपाली संघ (यसपछि संघ मात्र भनिएको) को ११ औं महाधिबेशनबाट संघको बिधान बमोजिम संघको अन्तराष्ट्रिय समन्वय परिषदमा निर्वाचित पदाधिकारीहरु हौ ।

२. महाधिवेशनले अन्तराष्ट्रिय समन्वय परिषदको सन २०२३ -२०२५ को कार्यकालका अनलाइन निर्वाचन प्रर्कया अपनाएकोमा प्रत्यर्थी मध्यका वद्री के.सी.लगायतको समुहले उक्त अनलाइन भोटिङ्ग सिस्टमको दूरुपयोग गरी निर्वाचनको परिणामलाई पुरै फरक पार्ने गरी धाँधली गरेकाले

महाधिवेशन हलमै विवाद उत्पन्न भयो । उक्त विवाद भै सके पछि संघका तिनजना अध्यक्षहरु रहेको अध्यक्ष मण्डलको बैठक वसी अर्को निर्णय नभए सम्मका लागि महाधिबेशनका सम्पुर्ण काम कारवाही स्थगित गर्ने निर्णय गरी सोहि बमोजिमको सुचना प्रकाशित गरिएको थियो । यसैगरी निर्वाचन समितीले समेत निर्वाचनका क्रममा प्राविधिक गल्ती भएको भन्ने निष्कर्ष सहित निर्वाचन कार्यक्रम सुचना प्रकाशित गरी स्थगित गरेको थियो ।

३. गैर आवासीय नेपाली संघको अन्तराष्ट्रिय समन्वय परिषदले निर्वाचन अनुगमन सुपरिबेक्षण गर्न संघको सन् २८ अगष्ट २०२३ अर्थात वि.सं. २०८०/०५/११ को निर्णय अनुसार संघका उपाध्याक्ष श्री दुर्गा आचार्यको संयोजकत्वमा एक उच्च स्तरिय अनुगमन समिति गठन गरेको थियो । सो समितीले महाधिबेशनका कममा अनलाईन मार्फत भएको निर्वाचनको अनुगमन गरेकोमा उक्त निर्बाचनमा एकपक्षिय रुपमा अनलाईन पद्धत्तीलाई नै कब्जा गरेकोले निर्वाचन स्वच्छ हुन नसकेकोले निर्वाचन स्वीकार योग्य नभएको निस्कर्ष सहितको अध्ययन प्रतिवेदन बुझाएको थियो । र, उक्त समितीले बुझाएको प्रतिवेदन र सुझाब अनुसार स्थगित महाधिबेशनको बाँकी कार्यक्रम सुचारु गर्नु पर्ने भएकोले अध्यक्षहरुको बिशेष बैठकको निर्णयले कार्तिक ३ गते स्थगन गरिएको महाधिबेशनको बाँकी कार्यक्रम मिति २०८०/०७/०४ गते साँझ ७ बजेबाट होटल हिमालयनमा सुरु भई मिति २०८०/०७/०५ मा महाधिवेशन सम्पन्न भएको हो । निर्वाचित कार्यसमितीको बिवरण सहित महाधिबेशनका निर्णयहरु लगायतका सम्पुर्ण बिवरणहरु उल्लेख गरि महाधिबेशन प्रकृयाको अध्यक्षता गर्नुभएका र १० औं महाधिबेशनबाट निर्वाचित समितीका अध्यक्षहरु र महासचिवको समेतको हस्ताक्षर सहितको प्रतिबेदन परराष्ट्र मन्त्रालयमा मिति २०८०।०७।१० मा दर्ता नं. ११२३ मा दर्ता समेत रहेको छ।

४. यसै बिच संघका निर्वतमान अध्यक्ष मध्येका एक विपक्षी बद्री के.सी.ले आफ्नै नेतृत्वमा कार्य समिती चयन भएको भनी छुट्टै झुट्टा बिवरण सहितको दावी समेत विपक्षी परराष्ट्र मन्त्रालयमा पेस गर्नु भएको रहेछ । यसबाट यस संघमा दुईवटा कार्य समिति भएको विवाद सार्वजनिक भएको थियो । र हाल सम्म पनि बिपक्षी परराष्ट्र मन्त्रालयले ति दुई छुट्टा छुट्टै निबेदन माथि कुनै कारवाही नगरेको अबस्थामा संघको ११ औं महाधिवेशन विवादरहित थिएन भन्ने कुरा स्पष्ट हुन आउछ। तर अध्यक्षहरुको निर्णयले स्थगित गर्नु पूर्वका महाधिवेशनका काम कारवाही विवादस्पद भएपनि अध्यक्षहरुको निर्णयले पुनः सुचारु भएपछिका महाधिवेशनका काम कारवाहीका सम्बन्धमा भने कुनै विवाद छैन् ।

५. यसै विच संघको १०औं महाधिवेशको बैधानिकतामा प्रश्न उठाएर निवेदक राजेश शम्शेर राणाले परराष्ट्र मन्त्रालय समेतलाई विपक्षी वनाएर यस सम्मानित सर्वोच्च अदालतमा रिट नं. ०७९-WO-१५०७ को मुद्दा गर्नु भएको रहेछ । उक्त मुद्दामा यस सम्मानित अदालतबाट मिति २०८०/१२/२१ गते संघमा उत्पन्न सम्पूर्ण गतिरोधमा निकास दिने र संघलाई एकतावद्ध र गरिमायूक्त वनाइ लैजाने उद्धेश्यका देहाय बमोजिम गर्नु गराउनु भनि परराष्ट्र मन्त्रालयको नाममा आदेश समेत भएको रहेछ ।

(क) संघको अन्तराष्ट्रिय समन्वय परिषदको मिति २०७८/१०/०१ मा सम्पन्न ८१ औं बैठकले गठन गरेको उच्च स्तरिय समितिलाई यथावत कायम राख्ने,

(ख) उक्त समितिमा रिट निवेदकले दावी गरेको गैर आवासीय नेपाली संघको अन्तराष्ट्रिय समन्वय परिषद भनिएको समितिको अध्यक्ष, उपाध्यक्ष र महासचिव क्रमशः विनोद कुँवर, उमेश कुमार

पुडासैनी र जानकी गुरुङ्ग तथा होटल हिमालयनबाट गठन गरिएको भनिएको समितिमा अध्यक्ष रहेको भनि दावी गरिएका कुल आचार्य, डा. बद्रि के.सी. र रविना थापा समेत जम्मा ६ जना सदस्य थप गर्ने,

(ग) उक्त समितिले यो आदेशको पूर्ण पाठ प्राप्त भएको ३० दिन भित्र पहिलो बैठक बसि सो को ६ महिनाभित्र संघको सदस्यता, निर्वाचन तथा अधिवेशन प्रतिनिधि छनोट लगायत सम्वद्ध सम्पूर्ण विवादको समाधान गरि एकतापूर्ण महाधिवेशन गर्ने गराउने, समितिको संयोजकले कुनै कारण देखाई समितिमा बस्न असमर्थ जनाएमा संघको अन्तराष्ट्रिय समन्वय परिषदको मिति २०७८।१०।०१ मा सम्पन्न ८१ औं बैठकले गठन गरेको समितिमा रहेको नामावली मध्ये क्रमानुसार दोश्रो व्यक्ति अर्थात उपेन्द्र महतो वा निजले पनि असमर्थता जनाएमा तेश्रो व्यक्ति अर्थात जिवा लामिछाने र एवम रितले बैठकको संयोजक भई काम गर्ने गराउने,

(घ) समितिले निर्णय गर्दा बहुमतका आधारमा निर्णय गर्ने र कुनै पनि विषयमा मत वरावर भएमा संयोजकले निर्णायक मत दिन सक्ने,

(ङ) अन्य कार्यविधि समितिले आफै निर्धारण गर्ने,

(च) यो समितिले आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्ने कुरामा यो इजलासले विश्वास लिएको छ ।

(छ) संघ सम्वद्ध सम्पूर्ण विवादका समाधान गरि, तोकिएको समयमा अधिवेशन सम्पन्न गर्ने सुनिश्चिताका लागि समितिको काममा सहजिकरण गर्न नेपाल सरकारले नेपाल न्याय सेवाको राजपत्राकित प्रथम श्रेणीको अधिकृतले तोक्ने ,

(ज) विपक्षी परराष्ट्र मन्त्रालयले उल्लेखित कार्यका लागि आवश्यक समन्वय, सहयोग र सहजिकरण गर्ने ।

६. प्रस्तुत निवेदन पत्रको प्रकरण नं. ५ मा उल्लेख भए बमोजिमको यस सम्मानित अदालतको संक्षिप्त आदेश प्राप्त भएपछि परराष्ट्र मन्त्रालयको मिती २०८०/१२/२८ को प.सं. २०८०/०८१, च.नं. PPDO/MI ९०४० को पत्र मार्फत प्रत्यर्थी गैर आवासिय नेपाली संघको कार्यालयलाई दिर्घकालिन असर पर्ने खालको काम नगर्न पत्राचार गरेको रहेछ । परराष्ट्र मन्त्रालयको उक्त पत्र कानुन बिपरित भएकोले खारेज गरी पाउँ भन्ने माग दावी लिएर ११ औं महाधिवेशनको यर्थाथ तथ्य लोप राखी हामीलाई प्रत्यर्थी समेत नवनाई अदालतलाई समेत गुमराहमा राख्ने उद्देश्य लिएर प्रस्तुत मुद्दाका प्रत्यर्थी कृष्ण प्रसाद तिमल्सेना समेतले परराष्ट्र मन्त्रालय समेत विरुद्ध उत्प्रेषणको रिट (रिट नं ०८०- WO- ११५७) दर्ता गराउनु भएको रहेछ । उक्त मुद्धामा हामी ११ औं महाधिवेशनबाट निर्वाचित कार्यसमिति र पदाधिकारीलाई विपक्षी नवनाएकाले हामीलाई सो कुरा उक्त मुद्धाको निर्णय भएपछि मात्र थाँहा जानकारी भयो । उक्त मुद्दामा यस सम्मानित अदालतबाट मिति २०८१।४।२२ मा सुनुवाई भई रिट जारी गर्दा हामी वैधानिक कार्यसमितिलाई वाइपास गरी, प्रत्यर्थी बद्री के.सी.लाई घुमाउरो ढंगले भूमिका प्रदान गर्ने गरी आदेश भएको रहेछ । यसवाट हामी निवेदकलाई मर्का पर्नुको अतिरिक्त यस सम्मानित अदालतको दूई अलग-अलग संयुक्त ईजलासबाट दुई अलग अलग मुद्दामा उपस्थित समान प्रकृतिको प्रश्नमा दुई अलग अलग आदेश भएकाले यसबाट अन्यौल सृजना हुन पुगेको छ ।

७. यस सम्मानित अदालतमा दायर भएका उल्लेखित निवेदनमा तथ्य लोप राखी हामीलाई प्रत्यर्थी समेत नवनाई अदालतलाई समेत गुमराहमा राखिएकोले सर्व प्रथम संघको ११ औं महाधिवेशन सम्वन्धी तथ्य निवेदन गर्न चाहान्छौ ।

क) ११ औं महाधिवेशन मिति २०८०/०६/३० देखि होटल सोल्टीमा सुरु भएकोमा निर्वाचनमा धाधली भएका कारण महाधिवेशन स्थलमै १० औ महाधिवेशनबाट निर्वाचित अध्यक्ष त्रय (डा. बद्री के.सी., रविना थापा र कुल आचार्य) तथा निर्वाचन समितिले छुट्टाछुट्टै सुचना प्रकाशित गरी अर्को निर्णय नहुँदा सम्मको लागी महाधिवेशनका सम्पुर्ण गतिविधिहरु स्थगित गरेका थिए । उक्त सुचनाका प्रतिलिपि यसै निवेदनपत्र साथ संलग्न राखिएको छ ।

ख) यसरी निर्वाचन स्थगित गर्दा सो निर्वाचनको क्रममा भएका अनियमितता र धाधली सम्वन्धमा १४ दिनभित्र अनुसन्धान गर्ने सहमती समेत थियो । आफु लगायत अध्यक्षहरुको निर्णयले स्थगित भएको महाधिवेशनको प्रक्रियालाई वेवास्ता गरी निस्कृय भइसकेको निर्वाचन समितिका केही व्यक्तिहरुलाई लिएर व्यक्तिहरुलाई विभिन्न तरिकाबाट प्रभावित पारी प्रत्यर्थी बद्रि के.सी.ले आफुलाई अध्यक्ष घोषणा गराउन खोजेको अवस्थामा संघका अध्यक्षहरुको बैंठकले महाधिवेशन प्रतिनिधिहरुसँगको परामर्श संघले गठन गरेको उच्चस्तरिय अनुगमन समितीको प्रतिबेदन र सिफारिस अनुसार ११ औं महाधिवेशन पुनः प्रारम्भ गर्ने निर्णय गर्नु भएकाले सोहि वमोजिमको सूचना मिति २०८०/०७/०४ मा प्रकाशीत गरिएको थियो । सोहि निर्णयको आधारमा संघको ११औं महाधिवेशनको बाँकी काम होटल हिमालयमा सुरु भई सर्व सम्मत नेर्तृत्व चयन गर्दा निवेदकमध्ये म राजेन्द्र कुमार शर्मा अध्यक्ष, म केशव पौडेल उपाध्यक्ष र म ठाकुर प्रसाद ढुंगाना कोषाध्यक्ष र म निवेदक चिन्तामणी सापकोटा युरोप संयोजक सहित सम्पूर्ण कार्यसमिति निर्वाचित भएका थियौं । प्रत्यर्थी वद्री के.सी., प्रत्यर्थी कृष्ण प्रसाद तिमल्सेना, निर्वाचित कार्य समितिका पदाधिकारी होइनन् । तर यस सम्मानित अदालतमा प्रत्यर्थी कृष्ण प्रसाद तिमल्सेना समेतले, माथी उल्लेखित रिट नं ०७९-WO-१५०७ को मुद्दा दर्ता गर्दा हामी निबेदकहरु संघको मिति २०८०।६।३० गते देखि मिति २०८०।७।५ सम्म भएको ११ औं महाधिवेशनबाट निर्वाचित अन्तराष्ट्रिय समन्वय परिषदको पदाधिकारी भएको तथ्य लुकाएर हुदै नभएको, भ्रामक र गलत तथ्य उल्लेख गर्नु भएको रहेछ।

ग) माथी उल्लेखित निर्वाचनमा धाधली भएका कारण होटल सोल्टीमा २०८०/०७/०३ गते स्थगित भएको महाधिवेशन मिति २०८०/०७/०४ मा होटल हिमालयमा प्रारम्भ भएको थियो । सो महाधिवेशनमा सर्वप्रथम सचिव र कोषाध्यक्षको प्रतिवेदन माथी छलफल भई पारित गरियो । तत् पश्चात गैर आवासीय नेपाली संघको ११ औं महाधिवेशनमा नेतृत्व छनोटका लागी हुने निर्वाचनमा होटल सोल्टीमा भएको नेतृत्व छनोटको निर्वाचनको अनुगमन गर्न गठन भएको उच्च स्तरिय छानविन समितीले अनुगमन गरि तयार गरेको प्रतिवेदन बन्द सत्रमा प्रस्तुत भएको थियो । उक्त प्रतिवेदनले निर्वाचन निश्पक्ष नभएको निश्कर्ष निकाली सो निर्वाचनलाई मान्यता नदिई पुनः नेतृत्व चयन गर्नु पर्ने राय दिएको थियो । महाधिवेशनले सो प्रतिवेदन ग्रहण गर्दै यस अघि भएको निर्वाचनलाई खारेज गर्दै निर्वाचन समितिको पदाधिकारी र सदस्यहरुलाई समेत हटाई संघका उपाध्यक्ष दुर्गा आचार्यको संयोजकत्वमा क्रमशः मन के.सी. (अस्ट्रेलिया), विश्व बराल (अमेरिका), नारायण थापा(अमेरिका), बिष्णु सुवेदी (अमेरिका), नवराज ओली शनि( कतार) र पुष्प थापा (जर्मनी) ७ सदस्यीय निर्वाचन समितिमा गठन गरेको थियो ।

घ) माथी उल्लेखित निर्वाचन समितिले महाधिवेशन स्थलमै गराएको निर्वाचनबाट निर्वाचित पदाधिकारी र सदस्यहरु निम्नलिखित रहेको व्यहोरा अनुरोध छ ।

अध्यक्षः राजेन्द्र कुमार(आर.के.) शर्मा

उपाध्यक्षः गोविन्द श्रेष्ठ (रोविन्द), डा. केशव पौडेल, गंगाधर गौतम, खगेन्द्र न्यौपाने, सुनिल साह, विजय मोक्तान
महिला उपाध्यक्षः रोजिना प्रधान राई
युवा उपाध्यक्षः अव्दुल वासीद
महासचिवः बुद्धि सागर सुवेदी
उपमहासचिवः प्रमोद सिटौला, कृष्ण(जगनाथ) गिरी
सचिवः लोक दाहाल, टंक गैरे, मनोज गोर्खाली, राम सी पोखरेल, दायानिधी सापकोटा, कृष्णजिवी पन्थ
महिला सचिवः बिमला सापकोटा
कोषाध्यक्षः ठाकुर प्रसाद ढुंगाना
सहकोषाध्यक्षः कृष्ण प्रसाद तिमील्सीना, तिलक गैरे, सि पी पौडेल
महिला सहकोषाध्यक्षः तृष्णा शर्मा
महिला संयोजकः देवकी खत्री गुरुङ
युवा संयोजकः रविन अधिकारी
युरोप क्षेत्रीय संयोजकः चिन्तामणि सापकोटा
युरोप क्षेत्रीय उपसंयोजकहरुः रमेश काफ्ले, शंकर डाँगी, भिमसेन थापा
युरोप युवा संयोजकः प्रकाश भण्डारी
युरोप महिला संयोजकः गिता थापा खनाल
युरोप महिला उपसंयोजकः भवानी तिवारी
क्षेत्रीय संयोजक अमेरिकाजः राजेन्द्र पोखरेल
क्षेत्रीय उपसंयोजकहरु अमेरिकाजः संजिव श्रेष्ठ, गोविन्द सुवेदी, पूर्णचन्द्र वानिया
क्षेत्रिय महिला संयोजक अमेरिकाजः इन्दिरा त्रिपाटी
क्षेत्रिय महिला उपसंयोजक अमेरिकाजः बिन्दु निरौला
क्षेत्रिय युवा संयोजक अमेरिकाजः स्वराज खाती
क्षेत्रिय युवा उपसंयोजक अमेरिकाजः विशाल राना
क्षेत्रिय संयोजक ओसियानाः दिनेश पोखरेल
क्षेत्रिय उपसंयोजकहरु ओसियानाः गोकुल घिमिरे, कोमल पाठक, अरुण कुमार थापा
क्षेत्रिय महिला संयोजक ओसियानाः रेणुका लामा
क्षेत्रिय युवा संयोजक ओसियानाः सुर्य आचार्य
क्षेत्रिय संयोजक एसियाः दण्डपाणी (डि पी) कँडेल
क्षेत्रिय उपसंयोजक एसियाः सबेन छन्त्याल
क्षेत्रिय संयोजक मध्यपूर्वः राजेन्द्र अर्याल
क्षेत्रिय उपसंयोजकहरु मध्यपूर्वः रमेश श्रेष्ठ, माधव पौडेल, लाल पुन
क्षेत्रिय महिला संयोजक मध्यपूर्वः लक्ष्मी गिरी
क्षेत्रिय महिला उपसंयोजक मध्यपूर्वः सरिता भण्डारी पौडेल
क्षेत्रिय युवा संयोजक मध्यपूर्वः निरञ्जन सिलुवाल
क्षेत्रिय युवा उपसंयोजक मध्यपूर्वः कृष्ण कुमार ठाकुर

ङ) त्यसरी नै उक्त महाधिवेशनले गैर आवासीय नेपाली संघको विधान, २००३ (२०२२ को संसोधन सहित) धारा १७ (२) मा उल्लेखित कार्यसमितिमा उपाध्यक्षः थप ३ गरी ९ जना उपमहासचिवः थप २ गरी ४ जना सचिवमाः थप ३ गरी ९ जना युरोप उपसंयोजकः थप १ गरी ४ जना (

कम्तीमा ७ मुलुकको एक उपसंयोजक हुने गरी थप पदहरुको व्यवस्था गरेको थियो । यसका अतिरक्त सवै एनसीसी अध्यक्षहरु आमन्त्रीत आइसीसी सदस्य रहने तर मतादान अधिकार भने नरहने र संघमा विशेष योगदान गरेका व्यक्तिहरु सहित पूर्व अध्यक्षहरु रहने गरी ९ सदस्यीय संरक्षक परिषद संघको कार्यकारी सचिवालय(आईईएस) ले गठन गर्ने प्रावधान थप गरेको अवस्था रहेको छ । यसरी निर्वाचन समितिका संयोजक दुर्गा आचार्यले संघको विधान बमोजिम नव निर्वाचित कार्यसमितिलाई सपथ दिलाउने भए पश्चात बन्द सत्रको बैठक समापन ११ औं महाधिवेशन सम्पन्न भएकाले उक्त महाधिवेशन विधान सम्मत रहेको व्यहोरा अनुरोध छ ।

८. माथी प्रकरण प्रकरणमा उल्लेख भए अनुसार भेरो भोटींग मार्फत भएको निर्वाचनमा अनियमितता र धाधलीपुर्ण भएको तथ्य गैर आवासीय नेपाली संघले गठन गरेको उच्च स्तरिय निर्वाचन अनुगमन समितीले दिएको प्रतिवेदनबाट देखिए पछी उक्त महाधिवेशन स्थगित भएको हो । उक्त अनुगमन समितिले अनलाईन प्रणालीको व्यापक दुरुपयोग भएको निष्कर्ष सहित यो निर्वाचनलाई मान्यता दिने स्तरको नभएकोले महाधिबेशनको हलबाटै समाधान निकाल्न सुझाब दिएको थियो । उक्त प्रतिवेदनको छविचित्र यसै साथ संलग्न रहेको छ । यसै गरी निर्वाचन समिती स्वयंले निर्वाचनमा प्राबिधीक त्रुटी भएको निष्कर्ष निकाली निर्वाचन स्थगित गरेको थियो । प्रविधीको प्रयोग गरी भएको निर्वाचनमा प्राविधीक त्रुटी भन्नाले सम्पुर्ण रुपमै गलत भन्ने बुझिन्छ ।

९. यस सम्बन्धमा नेपाल प्रहरीको अपराध अनुसन्धान महाशाखा (सिआईवी) ले अनुसन्धान गरि दिएको प्रतिवेदन र नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८०/१०/०९ को निर्णयबाट सह न्याधिवक्ताको संयोकत्वमा वनेको छानविन समितिले प्रत्यर्थी परराष्ट्र मन्त्रालयलाई दिएको प्रतिवेदनबाट समेत ११ औं महाधिवेशनको अध्यक्षहरुले स्थगित गर्नु पहिलेको निर्वाचन धाधलीपूर्ण ढंगबाट भएको प्रष्ट भएको छ । प्रत्यर्थी बद्री के.सी. सोही विवादित प्रक्रियाबाट स्वघोषित अध्यक्ष हुन भन्ने स्थापीत छ । तर यस्तो स्वघोषित प्रक्रियाबाट आएका अध्यक्ष मातहतको समितिमा रहेका प्रत्यर्थी मध्ये स्वघोषित सह-कोषाध्यक्ष कृष्ण प्रसाद तिमिल्सिना समेतले दायर गरेको रीट निवेदनको रोहवाट यस सम्मानित अदालतले प्रत्यर्थी वद्री के.सी. समेतलाई भूमिका दिने गरी आदेश हुँदा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ५३ विपरित भई विपक्षी मध्येका वद्री के.सी., कृष्ण प्रसाद तिमिल्सिन समेत सोही नियम अनुसार कारवाहीयोग्य समेत रहेका छन् ।

१०. ११ औ महाधिवेशको वैधानिकतामा प्रश्न उठाउदै निवेदक दिपेश खत्रीले प्रत्यर्थी बद्री के.सी. र म निवेदक राजेन्द्र कुमार शर्मा समेतलाई विपक्षी वनाई श्री उच्च अदालत पाटनमा निवेदन नं. ०८०-WO-११७९ को उत्प्रेषण परमादेश मुद्धा दर्ता गराउनु भएको थियो । उक्त रिट निवेदनमा हामी निवेदकहरुलाई निर्वाचित गर्ने महाधिवेशनको निर्णय वदर गरी पाउन माग गरिएको थियो । उक्त रिटमा हामी उपस्थित भई ११ औ महाधिवेशनको बाँकी काम होटल हिमालयमा सम्पन्न गरी निर्वाचित भएको कार्य समितिले नै मान्यता पाउनु पर्ने बदर हुन नपर्ने जिकिर लिएका थियौं । सो मुद्दामा श्री उच्च अदालत पाटनबाट मिति २०८१/०१/ ३१ मा रिट खारेज हुने गरी आदेश भएको र सोको पुर्ण पाठ आउन बाँकी नै रहेको छ ।

११. यसरी प्रस्तुत विषयमा माथी उल्लेखित सम्मानित सर्वोच्च अदालतबाट रिट जारी हुने गरी भएका दुवै आदेश र श्री उच्च अदालत पाटनबाट रिट खारेज हुने गरी भएका एकै विषयका

अलग अलग आदेशहरु हाल वरकरार छन् । उच्च अदालत पाटनले समेत यो विषयमा नेपालको संविधानको धारा १४४ अन्तरर्गत क्षेत्राधिकार ग्रहण गरी रिट खारेज गरेको छ । अदालतबाट भएका उल्लेखित ३ भिन्न-भिन्न आदेशले अदालतको आदेश कार्यान्वयन गर्ने परराष्ट्र मन्त्रालय समेत अन्योलमा परेको छ । साथै, सम्मानित सर्वोच्च अदालतको दोश्रो आदेशले प्रत्यर्थी बद्री के.सी. को योजनामा तथ्य लोप राखि रिट दायर गर्ने प्रत्यर्थी कृष्ण प्रसाद तिमल्सेना समेतले दायर गरेको रिट निवेदनमा आदेश गर्दा वोलिएको भाषाका कारण हामी निवेदक अध्यक्ष र उपाध्यक्ष समेतका पदाधिकारीहरु निर्वाचित भई वहाल रहेको संघको आधिकारीक कार्य समितिलाई महाधिवेशन द्वारा दिईएको कार्यादेश (Mandate) सम्पन्न गर्न कठिनाई उत्पन्न भएकोछ ।

१२. प्रस्तुत निवेदन पत्रको माथी प्रकरण प्रकरणमा उल्लेख भए अनुसारका बैधानिक रुपले सम्पन्न महाधिबेशनबाट आएको हामी निबेदकहरु समेतको कार्य समितीलाई जानकारीमा नै नलिई, तिन वटा फरक-फरक छानविन प्रतिवेदनले धाँधली भएको निश्कर्ष सहित निर्वाचन त्रुटीपुर्ण रहेको भनिएको निर्वाचनलाई सम्मानित अदालतको पछिल्लो आदेशले बैधानिकता प्रदान गरेको कारणबाट संघ नै विभाजित हुने अवस्था समेत आउन सक्ने देखिन्छ । यसका अतिरिक्त श्री उच्च अदालत पाटनमा परेको निवेदक दिपेश खत्री र विपक्षी प्रत्यर्थी वद्री के.सी. समेत भएको रिट नं ०८०-WO- ११७९ मा यो विषय निरुपीत समेत भई सकेको छ । समानान्तर क्षेत्राधिकारको प्रयोगबाट एक अदालतको आदेशले निरुपण गरिसकेको प्रश्न अर्को अदालतले पुनः विचार गर्न सक्दैन भन्ने संविधान निर्माताको भावनामा समेत यसबाट असर पुग्ने देखिन्छ । जसले गर्दा संविधानको धारा १३३ र १४४ को मकशदमा समेत प्रतिकुल प्रभाव पर्ने भएकाले यसमा समानान्तर क्षेत्राधिकारको प्रयोग समेतको सामानजस्यपुर्ण व्याख्या (Harmonious Interpretation) हुन आवश्यक छ । त्यसैले दुवै फैसलाहरु एक आपसमा बाझिई असहजता सृजना भएकाले संघको सन् १८ अगष्ट, २०२४ अर्थात मिति २०८१/०५/०२ मा बसेको कार्य समितिको बैठकको निर्णय अनुसार प्रस्तुत विषय सार्वजनिक सरोकारको समेत देखिएकाले अन्य बैकल्पीक र प्रभावकारी उपचारको अभावमा प्रस्तुत निवेदन गर्न आएका छौ ।

१३. सम्मानित सर्वोच्च अदालतबाट भएका उल्लेखित दुवै फैसलाको अन्तरबस्तु र त्यसको कानूनी प्रभावका सम्वन्धमा देहाय बमोजिम निवेदन गर्न चाहान्छौ ।

क) सम्मानित सर्बोच्च अदालतले पहिलो रिटमा आदेश गर्दा २०७८ मा दुइ फरक-फरक स्थानमा सम्पन्न भएको भनिएका महाधिबेशन मध्ये कसैलाई पनि मान्यता नदिई दुबैको एकिकृत महाधिबेशनको आवश्यकता औंल्याउदै सोही अनुसार गर्न गराउन आदेश दिएको पाइन्छ । त्यसरी नै उक्त आदेशमा संघको मर्म र उदेश्य अनुरुपको सदस्यताको वितरण तथा सोही अनुसार प्रतिनिधी छनौटका सम्बन्धमा, संघको सदस्य र महाधिबेशनमा सहभागी हुने प्रतिनिधीहरुको योग्यतालाई संवोधन गरीएको छ । संघको सदस्यताको योग्यता र महाधिबेशनमा प्रतिनिधीत्व गर्ने प्रतिनिधीहरुको योग्यताको परिक्षण लगायतका गतिबिधीहरुको सञ्चालन सुपरिबेक्षणको जिम्मेबारी संघको ८१ औ बैठक द्वारा गठन भएको उच्च स्तरिय समितीलाई समेत उक्त आदेशले मान्यता दिदै त्यसलाई थप प्रभावकारी वनाएको छ । साथै उक्त पहिलो रिटमा भएको आदेशमा १० औ महाधिबेशनका नाममा दुई स्थानमा भएको बिधान संसोधनलाई अबैधानीक भन्दै संघको बिधान संसोधन र त्यसलाई प्रमाणिकरण गर्ने पराराष्ट्र मन्त्रालयको मिती २०७८।०८।०३ र मिति २०७८/१२/०८ को मन्त्री स्तरिय निर्णयलाई खारेज गरेको छ ।

तर दोश्रो रिटमा यस सम्मानित अदालतवाट भएको आदेशले हिमालयन होटलमा सम्पन्न १०औं महाधिबेशनबाट संसोधन भई मन्त्रालयबाट प्रमाणिकरण भएको सोही संशोधीत बिधान माथि भएको अर्को संसोधन र त्यसलाई प्रमाणिकरण गर्ने बिपक्षी मन्त्रालयको निर्णयलाई मान्यता दिएको छ । यसबाट एउटै अदालतबाट एउटै विवादमा दुई अलग-अलग निर्णय हुँदा संघको विधानको कुन व्यवस्थालाई मान्ने भन्ने गंभिर प्रश्न खडा भई यसको थप न्यायीक सहितको निकास अनिवार्य बन्न गएको छ ।

ख) पहिलो रिट निवेदनमा भएको आदेशले संघको महाधिबेशनका सम्बन्धमा आबश्यक मार्ग चित्र सहित बिशेष आदेश जारि गर्दै योग्यता पुगेका सदस्यहरुबाट योग्य महाधिबेशन प्रतिनिधी छनौट गरी बिधान अनुसार महाधिबेशन र निर्वाचन गरी नयाँ कार्यसमिती निर्वाचित गर्ने मार्ग निर्देश गरेको छ । अर्थात उक्त आदेशले १० औं महाधिबेशन पछि कार्यकारिणी समिती रिक्त रहेको अबस्थाको कल्पना गर्दै बिधान अनुसार नयाँ कार्यकारिणी समिती आउने कुराको कल्पना गरेको छ । तर यसै सम्मानित अदालतको पछिल्लो आदेशले ११ औं महाधिबेशनलाई बैधानिकता प्रदान गरी प्रत्यर्थी उक्त महाधिवेशनबाट निर्वाचित हामी निवेदकलाई सुनुवाईको मौका नै नदिई प्राकृतिक न्यायको सिद्धान्त विपरित वद्री के.सी. समेत भएको कार्य समितिलाई भूमिका प्रदान गरेको छ । यसबाट संघमा भएको विवादको स्थाई समाधान गर्ने कुरामा थप अन्यौलता सृजना हुन गएको छ ।

ग) संघको १० औं महाधिबेशनका सम्पुर्ण कार्यलाई अबैधानिक घोषित गरेको यस सम्मानित अदालतको पहिलो आदेशलाई यसै सम्मानित अदालतको पछिल्लो आदेशले अन्यथा नभनेता पनि ११ औ महाधिबेशनलाई जायज ठहऱ्याएको पाईन्छ । दोश्रो आदेशमा १० औ र ११ औ महाधिबेशनको प्रसंगमा विवेचना गर्दै एउटा महाधिबेशन अर्को महाधिबेशनको मातहतमा नरहने भनिएको छ । तर गैर आवासीय नेपाली संघको बिधान प्रतिनिधी छनौट तथा महाधिबेशन सञ्चालन सम्बन्धी नियमावलीमा भएको व्यवस्थालाई हेर्ने हो भने एउटा महाधिबेशन अर्को महाधिबेशनको विचको अन्तर सम्वन्ध अन्योन्याश्रित रहेको पाईन्छ । बिधानको धारा १४ को उपधारा (१०) अनुसार प्रतिनिधि छनोट सम्बन्धी व्यवस्था हेर्दा अघिल्लो महाधिबेशनबाट निर्वाचित पदाधिकारी अर्को अधिबेशनमा प्राथमिकताका आधारमा स्वत: प्रतिनिधी हुने व्यवस्था छ । उदाहरणको लागी १० औं महाधिबेशनबाट निर्वाचित समितीले २१ जना प्रतिनिधीहरु स्वनिर्णयले मनोनयन गर्दछ । अत: १०औं महाधिबेशनबाट निर्वाचित कार्य समितीबाट मात्र करिव २१८+२१ भन्दा बढी प्रतिनिधीहरु ११ औं महाधिबेशनमा सहभागी हुन पाउछन् । यदी १० औं महाधिबेशन बैधानिक छैन र कार्यसमिती नै बैधानिक छैन भने उक्त कार्यसमितिबाट स्वत: आएका २३९ भन्दा बढि प्रतिनिधीहरु पनि अबैध हुने हुनजान्छ । यसरी अबैध प्रतिनिधीहरुको सहभागितामा भएको ११औं महाधिबेशन र यसका काम कारवाहीहरु कसरी बैधानिक हुन्छन्? भन्ने प्रश्न समेत उक्त आदेशका कारण गंभिर ढंगले उठेको अवस्था छ । यस्तो अबस्थामा पहिलो आदेशले अवैध घोषित गरेको समिती वा नेतृत्वको निर्णयले प्रमाणिकरण भएका संघका सदस्यहरु, उक्त समितीकै प्रस्ताव र निर्णयमा भएको बिधान संसोधन, र छनोट भएका प्रतिनिधी र समितीकै निर्णयले आव्हान गरेको महाधिबेशन, उक्त समितीको निर्णयले गठन गरेको निर्वाचन समिती र त्यसले गराएको निर्वाचन आदी कसरी बैधानिक हुन्छन् भन्ने प्रश्न पनि यसले उठाँउछ ।

घ) संघको ११ औं महाधिबेशनमा कुनै बिवाद नभएको भन्ने यस सम्मानित अदालतको पछिल्लो आदेशको प्रकरण नं. १४ मा उल्लेखित व्यहोरा तथ्य भन्दा फरक रहेको देखिन्छ। किनकि ११ औ महाधिबेशनको बिबादका सन्दर्भमा सम्मानित उच्च अदालत पाटनमा दिपेश खत्री बिरुद्ध निवेदक मध्यको राजेन्द्र कुमार शर्मा समेत प्रत्यर्थी भएको मुद्दा नं ०८०-WO- ११७९ को रिट निबेदनमा विवाद उठी रिट निवेदन खारेज भएको छ । उक्त मुद्दामा फैसलाको पुर्ण पाठ आइनसकेकोले थप बिबरण उल्लेख गर्न सकिएन । तर यी ३ वटा मुद्दाहरुको रोहमा फरक-फरक फैसला हुँदा र सम्मानित सर्वोच्च अदालतबाट भएका आदेशमा संघको आधिकारीक पक्ष निवेदकलाई पक्ष कायम नगर्दा सुनुवाईको मौका नपाएको प्राकृतिक न्यायको सिद्धान्त विपरित भएकोले यो बिबादको पुर्ण रुपमा निरुपण नभएको अवस्था बिद्यमान छ ।

१४. यसरी यस सम्मानित अदालतबाट दुई परस्पर बाँझिएका आदेशको कारण संघमा गति बिहीनताको स्थिती श्रृजना भएको छ। संघको गतिसिलताका लागि सांगठनिक संरचनाहरुलाई कृयाशिल बनाउने पहिलो कार्यभार हुन जान्छ। पहिलो आदेशले संघको एकता र कृयासिलताका लागि १० औं महाधिबेशन पहिलेको ८१ औ बैठकले श्रृजना गरेको उच्च स्तरिय समितीलाई जिम्मेबारी दिएकोमा दोश्रो आदेशले त्यो भन्दा फरक धाधलिपुर्ण ढंगले स्वघोषित समितीलाई संघलाई कृयाशिल बनाउने जिम्मेबारी दिएको छ । यसबाट अव १० औ महाधिवेशन गर्ने वा १२ औ गर्ने भन्ने प्रश्न पनि उठ्न जान्छ । अत: संघको एकता र कृयासिलताका लागि दुई फरक र नमिल्ने निकायले जिम्मेबारी पाएको अवस्थामा एउटा पक्षले गतिलिन खोज्दा पहिलोले रोक्ने हुन जाने हुँद्या संघको गतिमा पूर्णतया पूर्णविराम लाग्नेछ अर्थात गतिहिन हुने हुँदा संघमा थप विवाद र जटिलता सृजना भएको छ ।

१५. पहिलो फैसलाले १० औं महाधिवेशनबाट आएको कार्यसमितिलाई मान्यता दिन अस्वीकार गरेको छ। संघका २१८ सदस्यिय सो कार्यसमितिमा सबै निर्वाचितहरुले उम्मेदवारी शूल्क तिरेका छन् । सम्बन्धित व्यक्ति निर्वाचित भई जिम्मेवारी निर्वाह गर्न पाए वापत यो शुल्क तिरेको हो। अब निर्वाचन नै अवैध भएपछि त्यसको व्यवस्थापन बारेमा फैसलामा वोलिएको छैन । ११ औं महाधिवेशन सकिए पछि आएको १० औं महाधिवेशनको बैधताको विवादमा भएको फैसलाले त्यो अवधिमा सोही कार्य समितिले विधानले दिएको अख्तियारी बमोजिम करौडौ रुपैया खर्च गरेको छ । प्रदेशमा रही काम गरिरहेका नेपाली श्रमिकहरुलाई सामाजिक कल्याण कोषमा समायोजन गरी करौडौं रुपैंया यो कोषमा जम्मा गर्नुका साथै प्रत्यक्ष विदेशी लगानी समेत ल्याएको छ । सरकारको विकास साझेदारको रुपमा संघले सो अवधिमा सरकारका विभिन्न निकायहरुसँग सहकार्यका सम्झौता गरी कार्यान्वयन गरेको छ । फैसलाले सोही समितिको उद्‌गम १० औं महाधिवेशनलाई बदर गरिदिए पछि ति कार्यहरुको कानुनी भविष्य वा हैसियत के हुने भन्ने अन्यौल श्रृजना भएको छ ।

१६. यसरी गैर आवासीय नेपाली सम्बन्धि ऐन अन्तर्गत बिदेशमा बस्ने करिव ८० लाख नेपालीहरुको प्रतिनिधित्व गर्ने नेपाल र नेपालीहरुको एउटा सार्वजनिक संस्था भएकोले यसका गतिबिधीको असर समेत सार्वजनिक महत्वको हुने हुँदा प्रस्तुत मुद्दा सार्वजनिक सरोकारको विषय समेत भएको र सम्मानित अदालतको दोश्रो आदेशले ११ औ महाधिबेशनलाई अबैध नमानेको अबस्थामा उक्त महाधिबेशनबाट विधिवत रुपमा निर्वाचित भएको निवेदक समिति र त्यसका हामी निवेदक पदाधिकारीलाई बिपक्षीहरुको उपरोक्त क्रियाकलापले हाम्रो कानुनी र संबैधानीक

अधिकारको प्रचलनमा वाधा पुग्न गएकाले संघको अन्तराष्ट्रिय समन्वय समितिको मिती २०८१/५/२ को बैठकको निर्णय अनुसार प्रस्तुत निवेदन गरेका छौ ।

१७. रिट नं ०८०-WO-११५७ को निवेदनमा तथ्य लोप राखी दावी गरेका कारण सम्मानित अदालतबाट जारी भएको आदेशले एकातिर विधिवत ढंगले निर्वाचित भएका हामी निवेदक र गैर आवासीय नेपाली संघलाई मर्का परेको छ भने अर्कोतिर सोहि आदेशको कारणले प्रत्यर्थी मध्येको गैर आवासीय नेपाली संघको कार्यालयले हामीलाई कार्यालयमा काम गर्न नमिल्ने भनि काम गर्न वाधा पुऱ्याउदै आएको छ । यसबाट गैर आवासीय नेपाली सम्वन्धी ऐन, २०६४ को दफा १६ ले प्रदान गरेको कानूनी अधिकारको उपयोगबाट हामीलाई वञ्चित गराईएको छ । त्यसरी नै गैर आवासीय नेपाली सम्वन्धी नियमावली, २०६६ को नियम १७ ले तोकेको दायित्व पूरा गर्दै हामीलाई सहजिकरण गर्न प्रत्यर्थी परराष्ट्र मन्त्रालय तयार नभएको कारणले गर्दा नेपालको विकास साझेदार रुपमा नेपालमा समाजिक सुरक्षा कोष लगायतका विषयमा योगदान गर्ने खरवौ रुपैयाको वैदेशिक सहयोग जुटाउने संघ जस्तो महत्वपुर्ण संस्थामा हमेशा विवाद र झन्झट रहि गैर आवासीय नेपाली सम्बन्धी ऐनको उद्देश्य कार्यान्वयन हुन नसक्ने अवस्था उत्पन्न भएको छ । गैर आवासीय नेपाली सम्वन्धी नियमावली २०६६ को नियम १६ अनुसार परराष्ट्र मन्त्रालयले यस संघको कामकारवाहीको अनुगमन गरी आवश्यक निर्देशन दिनु पर्नेमा सो गर्न मन्त्रालय अनिच्छुक भई संघमा निरन्तर विवादको अवस्था रही रहेको छ ।

१८. अतः माथी प्रकरण प्रकरणमा उल्लेख गरिएका तथ्यगत र कानूनी प्रश्नको निरुपण गर्न प्रत्यर्थीहरुलाई तलव गरी नेपालको संविधानको धारा १३३ वमोजिम माथी उल्लेखित यस सम्मानित अदालतबाट भएका रिट नं ०८०- WO-११५७ को अन्तिम आदेश तथा रिट नं. ०७९-WO-१५०७ को अन्तिम आदेश तथा सम्मानित उच्च अदालत पाटनको मुद्दा नं ०८०-WO-११७९ को रिटमा भएको आदेशबाट उत्पन्न द्विविधा समेत हटाउन प्रस्तुत निवेदनलाई पुर्ण इजलासमा पठाई गैर आवासीय नेपाली संघको विवादको स्थाई समाधानका लागी ११ औं महाधिवेशबाट विधिवत रुपमा निर्वाचित हामी निवेदकहरु पदाधिकारीहरुलाई काम गर्न दिनु दिलाउनु भनि प्रत्यर्थी परराष्ट्र मन्त्रालय र प्रत्यर्थी गैर आवासीय नेपाली संघको कार्यालयका नाउँमा परमादेशको आदेश जारी गरि पाउँ । साथै, गैर आवासीय नेपाली सम्वन्धी नियमावली, २०६६ को नियम १६ अनुसार प्रत्यर्थी परराष्ट्र मन्त्रालयलले संघमा देखिएका विवाद समाधान गर्न आवश्यक अनुगमन र निर्देशन गर्ने सवालमा अनिच्छुक देखिएकोले उक्त नियमावलीको नियम १६ ले निरोपित गरेको दायित्व पुरा गर्न जो चाहिने आज्ञा आदेश तथा निर्देशन समेत प्रत्यर्थी परारष्ट्र मन्त्रालयको नाउँमा जारी गरि पाउँ । यसका अतिरिक्त प्रत्यर्थी मध्येका वद्री के.सी., प्रत्यर्थी कृष्ण प्रसाद तिमल्सेना लगायतले अदालतलाई गुमराहमा राखि आफुलाई अनुचित लाभ पुऱ्याउने र हामी वास्तविक सरोकारवालाई प्रतिकुल असर पुऱ्याउने उद्देश्यले निवेदन दिएकोले निजहरुलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५३ अनुसार कारवाही गर्ने आदेश समेत जारी गरि पाउँ ।

१९. साथै प्रस्तुत निवेदनको अन्तीम किनारा नलागे सम्म गैर आवासीय नेपाली संघको ११ औं महाधिवेशबाट विधिवत रुपमा निर्वाचित हामी निवेदक पदाधिकारीहरुलाई काम गर्ने कार्यमा रोक लगाउने काम नगर्नु नगराउनु भनि प्रत्यर्थी परराष्ट्र मन्त्रालय र प्रत्यर्थी गैर आवासीय

नेपाली संघको कार्यालयका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरि पाउँ ।

२०. प्रस्तुत रिट निवेदन दर्ता गर्न लाग्ने दस्तुर यसैसाथ संलग्न छ ।

२१. प्रस्तुत रिट निवेदन दर्ता गर्न हाल कानुन व्यवसायी मुकरर् गरेको छैन । पछि हाम्रो तर्फबाट रहनुहुने कानून व्यवसायीहरुको बहस, पैरवीलाई समेत यसै निवेदन पत्रको अभिन्न अंग मानी पाउँ ।

२२. यसमा देहाय बमोजिमका कागजात संलग्न राखेका छौं ।

(क) निवेदकहरुको नामको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी...........................१

(ख) निवेदकहरुबाट प्राप्त अख्तियारनामाको कागज...............................................१

(ग) गैर आवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदको मिति १८ अगष्ट २०२४ (२ भदौ २०८१) को बैठकको निर्णयको प्रतिलिपी.............................................१

(घ) मिति २०८०।०७।०३ मा संघका तत्कालीन अध्यक्षहरुको निर्णय अर्को निर्णय नभएसम्मका लागि महाधिवेशनका सम्पूर्ण कामकारवाही स्थगित गर्ने सूचना पत्रको प्रतिलिपी...........................................................................................१

(ङ) गैर आवासीय नेपाली संघको निर्णयले अनुगमन सुपरिवेक्षेण उच्च स्तरिय समितिको गठन गरिएको जानकारी सम्बन्धी पत्रको प्रतिलिपी.......................................१

(च) निर्वाचन अनुगमन सुपरिवेक्षेण उच्च स्तरिय समितिले बुझाएको प्रतिवेदन............१

(छ) मिति २०८०।०७।०३ मा अध्यक्षहरुको निर्णय मिति २०८०।०७।०४ मा महाधिवेशनको बाँकी कार्यक्रम २०८०।०७।०४ गते साँझ ७ बजेबाट होटल हिमालयनमा सुरु गर्ने सम्वन्धीको निर्णय.........................................................................................१

(ज) रिट निवेदन ०७९-WO-१५०७ र रिट निवेदन ०८०-WO-११५७ को अन्तिम आदेशको प्रतिलिपी (थान-२)........................................................................................१

(झ) परराष्ट्र मन्त्रालयको मिती २०८०/१२/२८ को प.सं. २०८०/०८१, च.नं. PPDO/MI ९०४० को पत्रको प्रतिलिपी.....................................................................१

(ञ) सीआईवि र नेपाल सरकार मन्त्री परिषदबाट मिति २०८०/१०/०९ मा सहन्यायधिवक्ताको संयोजकत्वमा गठन भएको समितिको प्रतिवेदनहरु समेत झिकि बुझि पाउँ........................................................................................१

२३. माथि उल्लेखित व्यहोरा ठिक साँचो छ, झुठ्ठो ठहरे कानुन बमोजिम सँहुला, बुझौला ।

निवेदक

वारेस अधिवक्ता यज्ञराज उप्रेती

ईति संवत् २०८१ साल भदौ महिना २५ गते रोज ३ शुभम्.......................................।